## ६१ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।१०।०५)

**प्रस्ताब नं.१** वडा नं.१ र ३ को वडा कार्यालय ठाउसारी गर्ने सम्बन्धमा ।

**निर्णय नं.** टीकापुर नगरपालिका वडा नंको वडा कार्यालय नगर विकास समिति १., टीकापुरको कार्यालय भवनमा र वडा नं ३. को वडा कार्यालय टीकापुर नगरपालिका वडा नं.३ ठुलोरामपुर पकरिया चौतारा स्थित पुरानो वडा कार्यालय भवनमा ठाउसारी गरि सेवा प्रवाह गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२** अन्य विभिन्न योजना तथा नयाँ कार्यालय माग गर्ने सम्बन्धमा ।

**निर्णय नं.२** ६१ औं कार्यपालिका वैठकका लागि मिति २०८२।१०।०४ गते तय भएका वैठकका विषयसुचि (एजेन्डा) हरु आर्थिक दायित्व सृजना गर्ने तथा दुरगामी असर पार्ने खालका नीतिगत निर्णय गर्नु पर्ने देखिएकाले प्रतिनिधि सभा सदस्यको निर्वाचन आचार संहिताका कारण हाललाई स्थगित गरि आगामी दिनहरुमा क्रमश अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.३** १८ औं नगरसभामा पेश भएका विधेयक माथी छलफल सम्बन्धमा

**निर्णय नं.३** १८ औं नगरसभामा पेश भएका खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०८२ विधेयकहरुमा कार्यपालिका वैठकवाट प्राप्त संशोधन समावेश गरि स्वीकृतका लागि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

५।१०।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

६१औं कार्यपालिका बैठक २०८२।१०।०५

CamScanner